# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या ८, मिति २०८१ फाल्गुन २३ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना**

तिनाउ गाउँपालिकाका कृषकहरुलाई कृषि तथा पशु उद्यम, सीप विकास, घरेलु उद्योग जस्ता व्यवसायिक क्षेत्रमा आकर्षण र उत्प्रेरित गरि स्वरोजगारको सिर्जना गर्दै समग्र राष्ट्र विकासको रणनीतिमा योगदान गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन कार्यविधि निर्माण गरि लागू गर्न वाञ्छनिय भएकोले यो कार्यविधि निर्माण गरी लागु गरिएको छ।

## परिच्छेद–१

**सक्षिप्त नाम, प्रारम्भ , परिभाषा र उद्देश्य**

**१.** यो कार्यविधिको नाम “तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन कार्यविधि २०८१” रहेको छ।

२. यो कार्यविधि तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको निर्णय पश्चात प्रारम्भ हुनेछ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः–

क) “कार्यविधि” भन्नाले तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

ख) “कार्यक्रम” भन्नाले तिनाउ पशु सेवा शाखा/कृषि विकास शाखा बाट संचलान हुने **कृषि तथा पशु विकास परीयोजना** कार्यक्रमलाई सम्झनु पर्छ।

ग) “गाउँपालिका” भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) “समिति” भन्नाले गाउँपालिका र वडा स्तरीय परियोजना व्यवस्थापन तथा अनुगमन समितिलाई जनाउनेछ।

ङ) “समूह” भन्नाले मूल समूह, उपहार समूहलाई जनाउनेछ।

च) “बाख्रा” भन्नाले प्रजन्नका लागी पालिने बाख्रालाई जनाउनेछ।

छ) “ भैंसी” भन्नाले प्रजननका लागि योग्य मुर्रा क्रस जातको भैसीलाई जनाउनेछ।

ज) “तरकारी खेती” भन्नाले मौसमी वा बेमौसमी तरकारीलाई जनाउनेछ।

झ) “टनेल” भन्नाले तरकारी खेती प्रयोजनका लागि कम्तीमा १० मीटर लम्बाई र ५ मीटर चौडाई भएको प्लाष्टिक घरलाई जनाउनेछ।

ञ) “वंगुरको पाठि” भन्नाले प्रजन्नको लागी पालिएको १ महिना उमेर पुगेको वंगुरको बच्चालाई जनाउछ।

ट) “लोकल कुखुरा” भन्नाले साकिनी, प्वाँख उल्टे र घाँटी खुइले जातको भाले र पोथीलाई जनाउनेछ।

ठ) “बीउ बोका” भन्नाले ८ महिना उमेर पुगेको कम्तीमा ३० केजी जिउदो तौल भएको उन्नत बोकालाई जनाउनेछ।

ड) “फलफूल खेती” भन्नाले अमिला जात फलफूल वा अन्य फलफूल वा तिनको मिश्रित खेतीलाई जनाउनेछ।

ढ) "प्रथम पक्ष" भन्नाले तिनाउ गाँउपालिकालाई सम्झनुपर्छ।

ण) "दोस्रो पक्ष" भन्नाले अनुदानग्राहिलाई सम्झनुपर्छ।

**४. कार्यक्रमको उद्येश्य**

क) कृषि तथा पशुपंक्षिजन्य बस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा बृद्धि गरि कृषक परिवारलाई स्वरोजगार एवम व्यावसायिक रुपमा आत्मनिर्भर बनाउने।

ख) कृषि तथा पशु पंक्षि क्षेत्रमा लगानी बढाइ व्यावसायिकता र उद्यमशीलता प्रवर्धन गर्ने।

ग) कृषि सम्बन्धि ज्ञान ,सिप र प्रविधिको प्रचारप्रसार गरि कृषि तथा पशुपंछि क्षेत्रमा संलग्न कृषकहरुको क्षमता अभिबृद्धी गर्ने।

## परिच्छेद–२

## कार्यक्रम संचालन विधि

**५. कार्यक्रम संचालनः** यो कार्यक्रम तिनाउ गाँउपालिका वा पशु सेवा शाखा ,कृषि विकास शाखा मार्फत संचालन हुनेछ।

**६. समुह गठनः**

**क. मूल समूहः**

**मूल समूह गठन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ**

क) वडा स्तरीय परियोजना व्यवस्थापन समितिमा छलफल गर्ने।

ख) कृषि तथा पशु विकासको सम्भावित क्षेत्र र किसानको रुचिलाई समेत ध्यान दिंदै टोल वस्तीमा छलफल सञ्चालन गर्ने।

ग) वडा कार्यालयसँग समन्वय गरी कृषि तथा पशु उद्यमको सम्भावनाको आधारमा १५ देखी २५ जनाको महिला उद्यमी समुह गठन गरी गाउँपालिकामा सुचिकृत गर्ने।

**ख. उपहार समूह**

मूल समूह गठन भइसकेपछी,मूल समुहलाई सहयोग पुर्याउन उपहार समुहको गठन गरिने छ।

क) सहयोगि टोलिको अगुवाईमा वडा स्तरीय परियोजना व्यवस्थापन समिति र कृषि तथा पशु विकासको सम्भावित क्षेत्र र किसानको रुचिलाई समेत ध्यान दिंदै टोल वस्तीमा छलफल सञ्चालन गर्ने।

ख) वडा कार्यालयसँग समन्वय गरी कृषि तथा पशु उद्यमको सम्भावनाको आधारमा १५ देखी २५ जनाको सदस्य रहने गरि महिला उद्यमी उपहार  समुह गठन गरी गाउँपालिकामा सुचिकृत गर्ने।

**७.प्रस्ताव माग गर्ने :**

क) समुहमा रहेको सदस्यहरुलाई सहयोग पुर्याउन अनुदान दिने उदेश्यले गाँउपालिका तथा वडाबाट १५ दिने म्यादको सुचना मार्फत प्रस्ताव आहावन गरि अनुसूची-१ बमोजिम सार्बजनिक सुचना प्रकाशन गर्नुपर्ने छ साथै उक्त सुचना गाँउपालिकाको सुचनापार्टी र अन्य बिधुतिय सुचना माध्यमबाट समेत प्रकाशन गर्नु पर्ने छ।

ख) उपदफा (क) बमोजिम आएका निवेदकले अनुसुची-२ बमोजिम निवेदनको साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ।

१. निवेदनको साथ समूह नियमानुसार गाँउपालिकाको पशु सेवा शाखा वा कृषि विकास शाखामा दर्ता भएको प्रमाणपत्रको १ प्रति।

२. नागरिकताको प्रतिलिपि १ प्रति।

३. तिनाउ गाँउपालिका पशु सेवा शाखाको कार्यक्रम संचालन सहयोग नभएको वा विगतमा के कति अनुदान सहयोग उपलब्ध बाहेक छ सो को जानाकारी खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्योहोरा लेखिएको वडाबाट सिफारिस पत्र ।

४. समुहको कार्यसमितिको बैठकले कार्यक्रममा सहभागी हुनको लागि गरेको निर्णयको प्रतिलिपि।

५. आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको परियोजना प्रस्ताव।

६. आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्जा धनि प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात।

ग) नया समूह भएको खण्डमा प्रस्ताव दर्ता गराउने अन्तिम म्याद अगावै दर्ता भइ सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्ने छ।

**८.प्रस्ताव संकलनः** दफा ७ बमोजिम पेश भएका प्रस्तावहरू पशु सेवा शाखा /कृषि विकास शाखामा दर्ता गराउन सकिने छ।

**९.**तिनाउ गाँउपालिका पशु सेवा शाखाको वार्षिक स्वीकृत **तिनाउ कृषि तथा पशु विकास परियोजना** कार्यक्रम अनुसार संरचना निर्माण तथा यन्त्र खरिदमा लागतको बढीमा ५० प्रतिशत र पशुपंछी वितरण कार्यक्रमको लागि १०० प्रतिशत अनुदान दिने गरि कार्यक्रम संचालन गर्नुपर्ने छ।

**१०.समिति गठन प्रक्रियाः**

कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको मुल्यांकन गर्न तथा कार्य अनुगमनका लागि गाँउपालिका स्तरीय देहाय बमोजिमको पाच (५) सदस्यीय समिति गठन गरिनेछ।

क) गाँउपालिका उपाध्यक्ष ____________________संयोजक

ख) सम्बन्धित वडाका वडा अध्यक्ष _____________सदस्य

ग) कृषि बिकाश शाखा प्रमुख _________________सदस्य

घ) पशु सेवा शाखा प्रमुख ____________________सदस्य

ङ) गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत ______सदस्य सचिव

वडा स्तरीय परियोजना व्यवस्थापन समिति

क) वडा अधक्ष्य___________________________संयोजक

ख) वडा महिला सदस्य_____________________सदस्य

ग) गाउँपालिका पशु सेवा साखा प्रतिनिधि________सदस्य

घ) गाउँपालिका कृषि विकास साखा प्रतिनिधि______सदस्य

ङ) वडा सचिव____________________________सदस्य सचिव

**११.मुल्यांकनको आधारः**

क) दफा १० मा गठित समितिले दफा ७ बमोजिम प्राप्त निबेदनहरुलाई अनुसूची ४ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र अनुसूची ५ बमोजिमका आधारहरुमा मुल्यांकन गरि कृषि विकास शाखा / पशु सेवा शाखा समक्ष सिफारिस गर्नु पर्ने छ , तर अनुसूची ४ अन्तर्गत मापदण्ड नपुगेका आवेदकहरुलाई मुल्यांकन प्रक्रियामा समावेश गरिने छैन।

ख) मुल्यांकनको क्रममा न्युनतम ५० प्रतिशत अंक भन्दा बढी अंक प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्ने छ ।

ग) अनुगमन समितिले मुल्यांकन गरि अधिकतम अंक हासिल गरेका प्रस्तावकहरुलाई छनौटका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने छ ।

घ) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार गाँउपालिकाको कार्यालयलाई हुने छ।कार्यक्रम कार्यान्वन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम सम्बन्धित पशु सेवा शाखा /कृषि विकास शाखाले गर्ने छ ।

## परिच्छेद–३

## साझेदारी र अनुदान प्रवाह

**१२.लागत इस्टिमेट सम्झौताः**

क) प्रस्ताव छनौट पश्चात अनुदानग्राहिले प्रस्ताव बमोजिम संम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरि स्वीकृतको लागि पेश गर्नुपर्ने छ ।

ख) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको २ प्रतिशत रकम कन्टिन्जेन्सी स्वरूप राख्न सकिने छ। उक्त २ प्रतिशत रकम अनुगमन ,मुल्यांकन तथा प्रशासनिक कार्यमा प्रयोग गर्न सकिने छ।

ग) स्वीकृत इष्टिमेटको आधारमा गाँउपालिका र अनुदानग्राही बीच अनुसूची ६ बमोजिमको सम्झौता गरिने छ।

**१३.अनुदान रकम र भुक्तानी प्रक्रियाः**

क) अनासुची ४ को तालिका अनुसार गाँउपालिकाले गरेको निर्णय बमोजिम अनुदान रकम तोकिने छ। अनुदानग्राहिले अनुदान बाहेकको खर्च आफै जुटाई कार्यक्रम संचालन गर्नु पर्ने छ।

ख) सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्य प्रगतिको आधारमा बढीमा ५० प्रतिशत अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी उपलब्ध गराइने छ।

ग) साझेदारी कार्यक्रम सम्पन्न भैसकेपछी सोको संचालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहिको हुने छ।

घ) अनुदानग्राहीले कम्तिमा ५ वर्ष सम्म अविछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यावसाय संचालन गर्नु पर्ने।

ङ) अनुदानग्राहिले आफ्नो व्यावसायको अनिवार्य रुपमा विमा गर्नु पर्ने छ।

**परिच्छेद–४**

## अनुगमन र विविध

**१४.अनुगमन तथा मूल्यांकन :**

क) अनुगमन निरीक्षणको मुख्य जिम्मेवारी वडा कार्यालयको हुनेछ। गाउँपालिका, पशु सेवा शाखा / कृषि विकास शाखाले सम्बन्धीत वडाको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्नेछ।

ख) अनुगमन निरीक्षणको प्रतिवेदन वडा तथा अनुगमन समितिले गाउँपालिकामा पेश गर्नुपर्नेछ।

ग) वडा तथा गाउँपालिका अनुगमन समितिले अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्ने।

घ) उपदफा (ग) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तब्य हुनेछ।

ङ) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई सम्बन्धित निकायले अनुदान रकम रोक्का गर्न सक्नेछ। यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१५.मूल समूह र उपहार समुहमा देहाय बमोजिमको पर्क्रियामा कार्यक्रम संचालन हुनेछ।**

क) पहिलो वर्ष मूल समुहलाई कार्यक्रममा सहभागी गराइने छ।

ख) मूल समूह(महिला समूह) बाट उत्पादन भएको पशुबस्तु, घाँस उपहार स्वरूप पहिलो उपहार समुहको सदस्यहरुलाई बाड्नु पर्ने छ।

ग) पहिलो उपहार समुहले पशुबस्तु, घाँस उपहार स्वरूप दोस्रो उपहार समुहलाई क्रमशः तेस्रो उपहार समुहलाई उपहार प्रदान गर्नु पर्नेछ।

घ) त्यस पश्चात तेस्रो उपहार समूह बाट उत्पादन भएको पशुबस्तु पालिकालाई नै फिर्ता गर्नु पर्ने छ।

ङ) उपहार फिर्ता गर्दा प्रजन्न योग्य र प्रजन्न लायक पशु वस्तु फिर्ता गर्नु पर्नेछ। तर उत्पादन दिनु पुर्व पशुको मृत्यु भई तुरुन्त पशु सेवा शाखामा जानकारी गराइएको खण्डमा अनुगमन टोलिको प्रतिवेदन अनुसार उपहार मिनाहा गर्न सकिनेछ।

च) उपहार फिर्ता नगर्ने समुहको हकमा समुहको सबै सदस्य र समुहको निश्चित सदस्यको हकमा निज सदस्यलाई यस तिनाउ गाँउपालिकाको पशु सेवा शाखा र कृषि विकास शाखाबाट संचालन हुने सम्पुर्ण सेवाबाट पाँच वर्ष सम्म वञ्चित गरिनेछ।

**१६.** कार्यक्रम व्यवस्थापनको लागि तिनाउ गाउँकार्यपालिकाको निर्णय बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रमाणपत्र तह उत्तिर्ण वा SLC/TSLC/SEE उत्तिर्ण गरी न्यूनतम ३ वर्ष अवधिको पशु विज्ञान विषय लिई डिप्लोमा उत्तिर्ण वा पशु विज्ञान विषयमा JTA कोर्ष उत्तिर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे JT कोर्ष उत्तिर्ण गरेको १ जना व्यत्तिलाई पशु स्वास्थ्य प्राविधिक पदमा नियुत्ति गर्न सकिनेछ।

**१७. बाधा अडकाउ फुकाउ** :- यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण गाउपालिकाले गर्नेछ।

**१८. प्रचलित कानून वमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

**१९.संशोधन :-** यो कार्यविधि गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**अनुसूची -१**

**कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

**तिनाउ गाउँपालिका**

**पशु सेवा शाखा /कृषि विकास शाखा**

कृषि, पशुपन्छी तथा मत्स्य परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८.../ / गते यस गाउँपालिका वा अन्तर्गतका शाखा द्वारा आ.व. २०८... / गते मा संचालन गरिने कृषि/पशुपन्छी तथा मत्स्य कार्यक्रमका लागि संरचना निर्माण तथा यन्त्र खरिदमा लागतको बढीमा ५० प्रतिशत र पशुपंछी वितरण कार्यक्रमको लागि १०० प्रतिशत सम्म अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा अनुसुची ४ बमोजिमको कार्यक्रम तालिका अनुसार तिनाउ गाउँपालिका भित्रका समुहले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन

पशु सेवा शाखामा  पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| आबश्यक कागजातहरु | कैफियत |
|---|---|
| १. निवेदनको साथ समूह  नियमानुसार गाँउपालिका, पशु सेवा शाखा वा कृषि विकास शाखामा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।<br>२. नागरिकताको प्रतिलिपि १ प्रति।<br>३. तिनाउ गाँउपालिका पशु सेवा शाखा र कृषि विकास साखाको कार्यक्रम संचालन सहयोग नभएको वा विगतमा के कति अनुदान सहयोग उपलब्ध वाहेक छ सो को जानकारी खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यवहोरा लेखिएको वडाबाट सिफारिस पत्र।<br>४. समुहको कार्यसमितिको बैठकले कार्यक्रममा सहभागी हुनको लागि गरेको निर्णयको प्रतिलिपि।<br>५. आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको परियोजना प्रस्ताव।<br>६. आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात। | |

## अनुसूचि-२
## प्रस्तावित  आवेदकले पेश गर्ने निवेदन

मिति....................................

श्रीमान प्रमुख ज्य

पशु सेवा शाखा /कृषि विकास शाखा तिनाउ गा.पा.पाल्पा।

विषयःकार्यक्रममा सहभागी गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाट मिति ................ सुचना प्रकाशित भए अनुसार..........................कार्यक्रममा म .........................सहभागी हुन इच्छुक भयकोले, अनुदान सहयोग गराइदिनुहुनको  लागि यो आवेदन पेश गरेको छु।तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

संलग्न कागजातहरु

१. समूह दर्ता प्रमाणपत्र प्रतिलिपि
२. नागरिकताको प्रतिलिपि
३. निर्दिष्ट फर्मेट अनुसार परियोजना प्रस्ताव
४. समूह सञ्चालक समितिको बैठक निर्णयको फोटोकपी
५. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोर्ट डकुमेन्ट भय सो समेत
६. सम्बन्धित गाउपालिकाको वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको  वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिसपत्र

छाप

निवेदकको

हस्ताक्षरः...................

नामः.............................

ठेगानाः..........................

मोवाइल नंः.....................

## अनुसूचि -३
## आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूनाः

परियोजना प्रस्तावः

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नामः | |
| पूर्ण ठेगाना (पत्राचारको लागि): | |
| समूह दर्ता भएको मितिः | |
| स्थायी लेखा नम्बरः | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नामः | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| तिनाउ गा.पा बाट माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोला । | |
| प्रस्तावना पेश हुने कार्यालयको नामः | |

२.कृषि व्यवसायको हालको अवस्थाः

तालिका : ...................................को हालको व्यावसायको अबस्थाः

| क्र .सं | हालको व्याबसाय | व्यावसायको आकार | वार्षिक उत्पादन (अनुमानित ) | वार्षिक अनुमानित आम्दानि (रु) | रोजगारी सृजना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

३.अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन्।

व्यवसायको आकारः

बार्षिक उत्पादनः

बार्षिक जम्मा आम्दानीः

रोजगारी सिर्जनाः

४. परियोजनाका मुख्य मुख्य क्रियाकलापः

| क्र.सं | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५ लागत साझेदारी

तालिकाःलागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.स. | विवरण | पालिकाले दिने अनुदान रु | अनुदानग्राहिले व्यहोर्ने रकम रु. | जम्मा खर्च रु . |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

## अनुसुची-४

### संचालित कार्यक्रमहरुः

तिनाउ कृषि तथा पशुपन्छी विकास परियोजना कार्यक्रममा देहायबमोजिमक कार्यक्रमहरु हुनेछन।

| क.स. | संचालन गर्न सकीने क्रियाकलापहरु | मापदण्ड | अनुदान रकम प्रति कार्यक्रम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोर निर्माण | कम्तिमा १५ वटा माउ बाख्रा वा ६ वटा माउ वंगुर वा ५०० बोइलर पाल्नुपर्ने | ४०००० | ५०% | |
| २ | गोठ निर्माण | कम्तिमा ४ वटा गाई वा ३ भैसी हुनुपर्ने छ | ४०००० | ५०% | |
| ३ | खोर सुधार | कम्तिमा १० वटा माउ बाख्रा वा ३ वटा माउ वंगुर वा ४० वटा लोकल कुखुरा भएको हुनुपर्ने छ | १०००० | ५०% | |
| ४ | गोठ सुधार | कम्तिमा २ वटा गाई वा भैसी हुनु पर्ने | १०००० | ५०% | |
| ५ | प्रजन्नको लागि विउ वोका वितरण | कम्तिमा ४० वटा माउ बाख्रा भएको समूह हुनुपर्ने | दररेट अनुसार | १००% | |
| ६ | प्रजन्नका लागि बाख्रा वितरण | व्यवस्थित खोर निर्माण गरी कम्तिमा ५ वटा माउ बाख्रा पालन गरेको | दररेट अनुसार | १००% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | माछा पोखरी निर्माण | कम्तिमा १ रोपनी क्षेत्रफ़लको पोखरी तथा पानीको गहिराई कम्तिमा १ मिटर हुनुपर्ने | ५०,००० | ५०% | |
| ८ | वंगुरको पाठी वितरण | व्यवस्थित खोर निर्माण भएको हुनुपर्ने | दररेट अनुसार | १००% | |
| ९ | मुर्रा क्रस भैसीको पाढि वितरण | व्यवस्थित गोठ निर्माण भएको हुनुपर्ने | दररेट अनुसार | १००% | |
| १० | च्याप कटर | कम्तिमा ३० वटा बाख्रा वा ४ वटा गाई वा ३ भैसी भएको हुनुपर्ने | २०००० | ५०% | |
| ११ | पशु औषधि खरिद तथा वितरण | सबै वडामा | ४००००० | १००% | |
| १२ | पशुपन्छी पालन तालिम (वडा १-६ सम्म) | सार्वजनिक सुचनाको आधारमा छनोट भएका कृषक समुह | १८०००० | १००% | |
| १३ | IPM कृषक पाठशाला (तरकारी खेति) संख्या (२) | सार्वजनिक सुचनाको आधारमा छनोट भएका कृषक समुह | ३००००० | १००% | |
| १४ | कृषि सम्बन्धि तालिम (वडा १-६ सम्म) | सार्वजनिक सुचनाको आधारमा छनोट भएका कृषक समुह | १८०००० | १००% | |

## अनुसूची -५
## कार्यक्रम मुल्यांकनको ढाचा

प्रस्ताव मूल्यांकनका आधारहरु

प्रस्ताव मुल्यांकनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे नपुगेको आधारमा समितिले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनौट गर्नु पर्ने।

प्रस्ताव मुल्यांकन आधारहरु (स्थलगत निरिक्षण मुल्यांकन)

आवेदकको नाम :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम संचालन स्थानको ठेगाना :

सम्पर्क नम्बर :

मुल्यांकन फारमः

| क.सं . | विवरण | कुल अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम संचालनको लागि प्रस्तावित जमिनको उपयुक्तता | ५ | | |
| २ | प्राकृतिक श्रोत साधान र आबश्यक अन्य पूर्वाधारको उपलाब्धता (सडक ,सिचाई ,बिधुत ,बजारको पहुच आदि ) | ५ | | |
| ३ | प्रस्तावसँग मेल खाने व्यसायिक योजना | ५ | | |
| ४ | आवेदकको शिक्षा ,ज्ञान ,सिप क्षमता | ५ | | |
| ५ | निवेदकको मुख्य पेशा कृषि भए नभएको | ५ | | |
| ६ | रोजगार सृजना गर्न सक्ने क्षमता | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | हाल सम्म अनुदान सहयोगको अवस्था | ५ | | |
| ८ | लगानी सुनिस्चता | ५ | | |
| जम्मा | | ४० | | |

## अनुसुची ६

सम्झौता पत्रको ढाचा

आर्थिक वर्ष........../............ मा संचलान हुने तिनाउ कृषि तथा पशुपंछी विकास परियोजना अन्तर्गतको .............................. कार्यक्रमका लागि (प्रथम पक्ष भनिने) तिनाउ गाउपालिका र दोस्रो पक्ष भनिने (अनुदानाग्राहि) समुह बीच तपशिलका शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न सम्झौता भयको छ।

शर्तानामा

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. प्रथम पक्षले लागत साझेदारीमा संचालित ........................ कार्यक्रमको लागि कुल लागत रकम रु................ मध्ये अनुदान वापत रु ............... वा विल/भरपाई/डोर हाजिरीको आधारमा रकम दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।
३. कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम उपलब्ध गराइने छ।
४. लागत इष्टिमेट अनुसार क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै संचालन गर्नुपर्ने छ।
५. सम्झौता भएको मितिले १ महिना भित्र इष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्ने छ। यदि कार्य शुरु नगरेमा सम्झौता स्वत रद्द हुनेछ ।
६. दोस्रो पक्षले लागत इष्टिमेट अनुसारको क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टा कार्यक्रम दिन पाइने छैन ।
७. सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई सम्बन्धित निकायले अनुदान रकम रोक्का गर्न सक्ने छ ।यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहिलाई प्रचलित कानुन बमोजिम कारवाही गरि असुल उपर गरिनेछ ।
८. लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको २ प्रतिशत रकम कन्टिन्जेन्सी स्वरूप राख्न सकिने छ ।उक्त २ प्रतिशत रकम अनुगमन मुल्यांकन तथा प्रशासनिक कार्यमा प्रयोग गर्न सकिने छ।

९. अनुदानग्राहिले आफ्नो कार्यक्रमको अनिवार्यरुपमा विमा गराउनु पर्ने छ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्षको छाप |
| नाम :लेख बहादुर बस्नेत | नाम : |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |

| | |
|---|---|
| रोहवर | रोहवर |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |

नोट : सम्झौतामा आबश्यक अनुसार सान्दर्भिक बुदाहरु थप गर्न सकिने छ।

स्वीकृत मितिः २०८१।०९।२१

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत